# धुलिखेल नगरपालिकाको २९ औं नगरपरिषदबाट पारित आ.ब.२०७४/०७५ को बार्षिक बजेट,नीति तथा कार्यक्रम सार्वजनिकीकरण

**क) उद्देश्यः**

- विकासका पूर्वाधारहरुको विस्तार र पहुँच वस्तीस्तरसम्म वृद्धि गरी विकासका अवसरहरुलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने।
- समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिंग, सम्प्रदाय,जात–जातीको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने ।
- उत्पादनमूलक क्षेत्रमा व्यवसायिकता र उद्यमशीलताको विकास एवं सामाजिक परिचालन मार्फत गरिवी न्यूनिकरणमा विशेष जोड दिने ।
- विकासको दृष्टिले पछाडि परेका वडाहरुमा प्राथमिकताका साथ विकास कार्यक्रमहरु पुर्‍याई जनताको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुर्‍याउने ।
- सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धी चेतनाको स्तरोन्नती गरी दीर्घकालन लक्ष्य प्राप्तीमा टेवा पुर्‍याउने ।

- विकास कार्यक्रम तथा आयोजनाहरु संचालन गर्दा सरोकारवालाहरु विच समन्वय गर्दै जनसहभागीता, पारदर्शीता र उत्तरदायित्व बढाई सुशासनको प्रत्याभुति दिने ।
- समृद्ध र श्रोत सम्पन्न नगरको रुपमा विकास गर्ने ।

**ख) दीर्घकालिन नीति**

- एकीकृत र दीर्घकालिन विकासको लागि आवधिक पञ्चवर्षिय योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- नगरको भूउपयोग र आवास नीति तर्जुमा गरी समुन्नत शहरको रुपमा विकास गर्ने ।
- आधारभूत र आधुनिक सेवा सुविधा सरल र सहजरुपमा नागरिकहरु माझ उपलव्ध गराई नागरिकहरुको विश्वास प्राप्त निकायको रुपमा स्थापित गर्ने ।
- नगरपालिकाको राजश्व क्षमता सुदृढ गरी सक्षम संस्थाको रुपमा विकास गर्ने ।
- कृषिलाई व्यवसायिकीकरण गरी रोजगारी मार्फत गरिवी न्यूनीकरणमा टेवा पुर्याउने ।
- औद्योगिक पूर्वाधार विकास मार्फत औद्यागिक क्षेत्रको रुपमा विकास गर्ने ।

- धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको विकास गरी पर्यटकीय नगरीको रुपमा विकास गर्ने ।
- लैंगिक समानता र सामाजिक समावेशीको माध्यमबाट सामाजिक न्याय स्थापित गर्ने ।
- सार्वजनिक सम्पत्तिको संरक्षण र प्रवर्द्धन गर्ने ।
- सार्वजनिक पारदर्शिता, उत्तरदायित्व र अनुशासन कायम गराई नगरवासीहरुलाई सुशासनको अनुभूति दिई राष्ट्रियस्तरमा पहिचान कायम गर्ने ।
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य र खेलकुदको विकस गर्ने ।
- सूचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहलाई छरितो तुल्याउने ।सरसफाई र वातावरण संरक्षणमा अग्रणी नगरपालिकाको रुपमा स्थापित गर्ने ।

**बिकास नीति**

**क) शहरी पूर्वाधार तथा भौतिक संरचना विकास नीति :**

- नगरपालिका क्षेत्रभित्रका ब्यापारिक क्षेत्र, आवासीय क्षेत्र, नीजि क्षेत्रबाट बिकास गरिएका (प्लटिङ्ग) क्षेत्रहरुमा भौतिक तथा सामाजिक बिकासका कार्यक्रमहरु सञ्चालन गर्दा लाभग्राहीको स्वामित्व र जिम्मेवारी प्रवर्द्धन गर्न साविकको सहभागिता नीतिमा समसामयिक परिवर्तन गरी भू–उपयोगको आधारमा न्यायोचित लागत सहभागिताको नीति कार्यान्वयनमा ल्याईनेछ ।

- शहरीकरणलाई व्यवस्थित र सुरक्षित गर्ने उद्देश्यले नेपाल सरकारले कार्यान्वयनमा ल्याएको राष्ट्रिय भवन संहिता २०६० (National Building Code) लाई यस नगरपालिकामा आ.ब. २०७४/०७५ मा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। साथै यस कार्यलाई संस्थागत गर्न शहरी बिकास शाखा मातहत रहने गरि भुकम्प सुरक्षा/नक्सापास तथा GIS शाखा गठन गरी व्यवस्थित गरिनेछ।

- नगरपालिका भित्रको बाटो, ढल लगायत अन्य पूर्वाधारहरु, सार्वजनिक सम्पति र घरधुरीहरुको बिवरण भएको GIS Software Data लाई समयानुकुल अद्यावधिक गरिनेछ।
- २ वर्षभित्र E building Permission कार्यको थालनी गरिनेछ।
- भू-उपयोग योजना अन्तर्गत, सडक बत्ती, ढल व्यवस्थापन तथा खानेपानीको आवश्यक पूर्वाधार सबै व्यवस्था भएको ठाउँमा मात्र घर निर्माणका लागि अनुमति दिईनेछ।
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२, शहरी विकास मन्त्रालयबाट तयार गरेको भवन निर्माणको लागि नमुना मापदण्डहरुलाई कार्यान्वयनमा ल्याईनेछ।

- आगामी २ वर्ष भित्रमा नगर यातायात गुरु योजना, City Town Planning तयार गरी सोही अनुसार सडक निर्माण कार्यलाई अगाडी बढाईने छ ।
- योजनाहरुमा जनसहभागीता एंव लागत सहभागीताको पक्ष न्यून बन्दै गईरहेको कटु यथार्थतालाई मनन गरी योजना छनौट गर्दा जनसहभागीता बढी हुने क्षेत्रमा योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईने नीति अलम्वन गरिनेछ ।
- २८ किलो देखि KU गेट सम्म लगाएतका स्थानहरुमा सडक मापदण्ड पुनरावलोकन गरिनेछ ।
- राजश्व अभिबृद्धिको लागि र शहरी विकासको लागि पर्याय मानिएको धुलिखेल नगरको जग्गा विकास आयोजना विगत १० वर्ष देखी अलपत्र अवस्थामा रही वास्तविक रुपमै सो आयोजना अगाडी बढ्न नसकेको स्थितिमा सम्बन्धित सबै पक्षसँग सल्लाह, समन्वय र सहकार्य गर्दे वर्तमान अवस्थामा त्यस आयोजना भित्र रहेका चुनौतीहरुको वास्तविक समाधान गर्दै तात्विक रुपमा परिणाम दिन सकिने ढंगले सबै किसिमका सकृयतालाई अगाडी बढाउने ।
- धुलिखेल नगरपालिका वा सदरमुकाम लाई दृष्टिगत गरी धु.न.पा. काभ्रे क्षेत्रको भञ्ज्याङ्गबाट धुलखेल वडा नं. १ भट्टेडाँडा सम्म मापदण्ड बमोजिम सडक विस्तार गरी कालो पत्रे पिच गर्ने र त्यस्तै

कुत्तालबाट रविओपी जोडिने बाटोलाई पनि सृदृढिकरण गरी कलोपत्रे पिचको लागि कार्य अगाडी बढाउने ।

- धुलिखेल नगर क्षेत्र भित्र सडकको दायाँबायाँको विषयमा मापदण्ड भित्र परेका जग्गाहरुको लगत कट्टान गरी एकिकृत सम्पति कर लिएर राखिएको अवस्थामा जनस्तरमा व्यापक असन्तुष्टि र आलोचनाको विषय भईरहेकोले आगामी दिनमा सडकको जग्गाहरुको मापदण्डको विषयमा स्पष्ट किटान सहित सडकमा पर्ने सबै जग्गाको लगत कट्टा अभियान सम्पन्न गर्ने

**ख) जलस्रोत, वातावरण तथा सरसफाई विकास नीति**

- नगरपालिकाले वातावरण मैत्री स्थानीय शासनको प्रारुप २०७० मा उल्लेखित वातावरण मैत्री कार्यालयका सूचकहरु कार्यान्वयनमा ल्याएको हुनेछ ।
- नगरपालिका क्षेत्रमा जथाभावी जग्गा प्लटिङ गर्नेकार्यलाई पूर्ण रुपमा रोकिनेछ ।
- सरकारी, गैह्र-सरकारी, निजि क्षेत्रहरुको समन्वयमा खुला दिशामुक्त नगर घोषणाको अभियानलाई निरन्तरता दिईनेछ ।
- धुलिखेल नगरपालिकालाई कालो प्लाष्टिक झोलामुक्त नगर बनाउन अभियानको थालनी गरिनेछ । यसलाई प्रभावकारी बनाउन सरोकारवालाहरुसँगको समन्वय र सहकार्यलाई ब्यापक बनाई

प्लाष्टिक प्रदुषणमुक्त नगर बनाउने नीतिलाई बिशेष कार्यक्रम सहित प्रभावकारी बनाईनेछ।

- नगरक्षेत्रभित्रका छाडा पशु चौपाया नियन्त्रण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- धुलिखेल अस्पतालमा मृत्यु भएका लासहरुको उचित व्यवस्थापनका साथै कपाली समाजका लागि समेत समेटर मसानघरको व्यवस्था गर्न न.पा.बाट उपयुक्त स्थानको खोजी गरिनेछ ।
- धुलिखेल नगरपालिका वडा नं.१ र ६ स्थित धुलिखेल बजार सँग सामिप्यतामा रहेको क्षेत्रमा प्रस्तावित धुलिखेल रक गार्डेन निर्माण योजनाको लागि सरकार सँग जग्गा क्षेत्रफल ३२१–७–०–० कबुलियतीको रुपमा लिन आवश्यक भएको कानूनी प्रकृया सम्पन्न गर्ने।
- धुलिखेल नगरपालिका वडा नं. १०,११,१२ र १३ का काभ्रे क्षेत्रमा जनताहरुको लागि खानेपानीको बृहत्तर ढंगले व्यवस्थापनिय कार्यको लागि अध्ययन अन्वेषक गरी सो पारित प्रतिवेदनको आधारमा पुँजीगत व्यवस्थापन गर्न नेपाल सरकार, धुलिखेल नगरपालिका र धुलिखेल खानेपानी उपभोक्ता समिति सँगको संयुक्त सहकार्यमा सो अभियान सम्पन्न गर्ने।
- सोही क्षेत्रको भौगोलिक अवस्थिति, उत्पादन, जनसंख्या आदि सबै विषयको स्थलगत प्रतिवेदन तगार गरी सो क्षेत्रमा विविध

किसिमले विकास गर्न सकिने विकासका ढाँचाहरुको लागि प्रारम्भिक चरणमा बृहत गुरुयोजना निर्माण गर्ने ।

- फोहरमैला व्यवस्थापन र फोहरमैला शुल्कलाई परिमार्जित र बैज्ञानिकरण गर्दै फोहरमैला शुल्कलाई समयोचित शुल्क निर्धारण गर्ने र फोहोर मैलाको उचित व्यवस्थापनको लागि धुलिखेल वडा नं. १ स्थित धु.न.पा.( बाट जग्गा खरिद गरी स्थापित भएको क्षेत्रमा ल्याण्डफिल साईटको व्यवस्थापन प्रकृया आरम्भ गर्ने ।
- धुलिखेल नगरको पूर्वी भागमा रहेको ठूलोवन क्षेत्र लाई समग्र वन व्यवस्थापन योजना अन्र्तगत जिल्ला वन कार्यालय सँग समन्वय र सहकार्य गरी वनको व्यवस्थापन कार्यमा आधुनिकिकरण गर्ने र विज्ञहरुको अनुसन्धान टोली निर्माण गरी सो वनबाट अधिकतम पानीको स्रोत बृद्धिका लागि आवश्यक योजनाको निर्माण गरी पानीमा आन्तरिक आत्मनिर्भरता बढाउने साथै धु.न.पा. को राजश्व अभिबृद्धिको लागि सो वनक्षेत्रलाई प्रकृतिक मनोरञ्जन पर्यटक स्थलको रुपमा विकास गर्न बृहत गुरुयोजना निर्माण गर्ने ।
- धुलिखेल नगरपालिका वातावरणीय रुपमै हरियालीकरण, सफा र सुन्दर शहरको रुपमा विकास गर्न रुख विरुवा तथा फुल रोप्ने अभियानलाई योजना अनुरुप तिव्रता दिने ।
- **धुलिखेल खानेपानी तथा सरसफाई उपभोक्ता समितिले** सञ्चालनमा ल्याएका क्षेत्रहरुमा खानेपानी आपूर्ति व्यवस्था समितिले नै गर्ने र अन्य क्षेत्रहरुमा **काभ्रे उपत्यका एकीकृत**

**खानेपानी** आयोजनाबाट व्यवस्थापन नभएसम्मको लागि धुलिखेल खानेपानी तथा सरसफाई उपभोक्ता समितिले नै खानेपानीको तथा मुहानहरुको संरक्षण तथा आपूर्तिको व्यवस्थापन गराईनेछ ।

- व्यवशायिक रुपमै कृषि क्षेत्रमा कार्यरत यहाँका किसानहरुको लागि क्षेत्र तथा भौगोलिक अवस्थिति अनुसार सिंचाई सुविधा र योजनाहरु अगाडी बढाउने।
- धुलिखेल नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सार्वजनिक जग्गाहरुको स्थलगत रुपमा गई पहिचान गर्ने र त्यसको अभिलेखिकरण गर्दे त्यस्तो जग्गाहरुको उपयोगिताको लागि उपयुक्ततको आधारमा भौतिक विकास निर्माणका योजनाहरु सहित कामहरु अगाडी बढाउने।

**ग) आर्थिक प्रशासन तथा राजश्व परिचालन नीति**

थप भएका वडाहरुमा एकीकृत सम्पत्ति कर लगायतका अन्य करहरु लगाईनेछ ।

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ बमोजिम नगरपालिकाले उठाउदै आएको ब्यबसायकर संकलन कार्यमा सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार नगरपालिका र धुलिखेल उद्योग बाणिज्य संघ बीचको साझेदारीलाई समयसापेक्षरुपमा परिमार्जन गरि थप प्रभावकारी बनाईनेछ ।
- लेखा परीक्षणबाट औंल्याईएका सुझावहरुलाई आगामी दिनहरुमा कार्यन्वयन गर्दै बक्यौता बेरुजु एवं पेश्की फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

- बित्तिय ब्यबस्थापनसँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धि सम्पूर्ण सूचना तथा तथ्यांकलाई नगरपालिका सूचना प्रणाली (Municipality Information System) मा आबद्ध गरि प्रभावकारी बनाईनेछ ।
- धुलिखेल नगरपालिकाको आयव्ययलाई चुस्त दुरुस्त बनाउन प्रोदभावी लेखा प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System) लागु गर्न आवश्यक प्रकृया बढाईने छ ।
- अरनिको राष्ट्रिय राजमार्ग र वि.पी. राष्ट्रिय राजमार्गसँग अवस्थित यो धुलिखेल नगरपालिकालाई दुवै भेगमा जाने यातायात साधनहरुको लागि एउटा बृहत बसपार्क निर्माण योजना सहित अगाडी बढ्ने र त्यसबाट धुलिखेल नगरपालिकाको आन्तरिक राजश्व आय बृद्धि अधिकतम रहने बजारको घनिभूत विकास हुने भएकोले बसपार्क सम्बन्धी गुरुयोजना निर्माणको लागि आवश्यक कार्य प्रकृया अगाडी बढाउने ।
- धुलिखेल वडा नं. ४ स्थित निर्माणधिन भवन योजना र उद्देश्य अनुरुप प्रयोग नभईरहेको अवस्थामा सो भवनमा एकिकृत बजार योजना बनाई सो अनुरुप भवन निर्माण सम्पन्न गरी धु.न.पा.को राजश्व बृद्धिको लागि कार्य प्रारम्भ गर्ने।

## घ) पर्यटन तथा सँस्कृति सम्बन्धी नीति

- धुलिखेल नगर क्षेत्रको मुटु मानिने धुलिखेल सरस्वती  बजार सँग रहेको पोखरी स्थल क्षेत्रलाई रमनिणय पार्कको रुपमा विकास गर्न डिजाईन ईष्टिमेत सहित सबै भौतिक निर्माण कार्यहरुको निर्माण गरी पर्यटकिय रुपमा केन्द्रस्थलको रुपमा विकास गर्ने ।

- सो सरस्वती बजारबाट नै वि.पी. राजमार्ग सँग जोडिने सक्ने बाटोको मुखमै र सो बाटो सँगका मापदण्डका विविध विषयहरु विवादास्पद रहेकोले सबै समस्याहरुको छलफल, सहमती र सहकार्यमा निदान गर्दे वि.पी. राजमार्गबाट सिधै सो पुरानो बजारसम्म आवतजावत गर्न सक्नेगरी कलोपत्रे बाटाको निर्माण गर्ने ।
- पुराना मठमन्दिर, लोक सँस्कृति, धार्मिक पर्व आदिको सम्पूर्ण रुपमा संरक्षण र सम्र्धन गरी सो को थप विकास गर्न प्रयत्नशिल हुँदै धुलखेल क्षेत्र भित्रको त्यस्तै सबै विषयलाई समेटी चिनारी पुस्तिका निर्माण गर्ने र सो पुस्तिका प्रचारात्मक र पर्यटनिय विकासमा सघाउ पु¥याउने उद्देश्य अनुरुप यथोचित स्थानमा वितरण गर्ने ।
- कला, सस्कृति संरक्षणका लागि स्थानीय चाडपर्व, जात्रा, पूजा जस्ता कार्यहरुलाई निरन्तर संञ्चालन गर्न सहायता दिईनेछ ।
- नगरपालिकाले पर्यटन मन्त्रालय सगँ समन्वय गरी नगरको कम्तिमा एक वस्तिमा Homestay कार्यक्रम संचालन गरिनेछ ।
- धु.न.पा. भित्रका पुरातात्विक साँस्कृतिक तथा ऐतिहाँसिक महत्वका सम्पदाहरु तथा मौलिक कला, सँस्कृति, जात्रा पर्वहरुलाई संरक्षण गर्ने र सङ्ग्राहालय स्थापना र व्यवस्थापनको काम अगाडि बढाईनेछ ।
- धुलिखेल नगर क्षेत्रको डा नं. २ र ३ स्थित हरिसिद्धी मन्दीर र नारायस्थान मन्दीर रहेको सोह्रखुट्टेपाटी समेत भएको स्थानलाई पर्यटनिय स्थलका क्षेत्रको रुपमा निर्माण गर्न आवश्यक योजना र सो अनुरुपको कार्य प्रारम्भ गर्ने ।

- टुडिखेल मनोरञ्जनपार्कलाई उद्यानको रुपमा विकास गर्दै र सो अनुरुप वृहत डिजाईन ईष्टिमेट समेत गरी विकास समितिको अवधारणाबाट सो टुडिखेल मनोरञ्जनपार्कको विकास गर्ने ।
- नेपाली सेनाबाट प्रयोगमा ल्याईरहेको बाँकि टुडिखेलको भागलाई नेपाली सेनाको लागि वैकल्पिक जग्गा क्षेत्रको हस्तान्तरण गरी सो पुरै क्षेत्रलाई उद्यानको रुपमा विकास गर्ने ।

**ङ) सुशासन प्रवर्द्धन एंव संगठन विकास नीति**

- नगरपालिकाको संगठन संरचना ज्यादै पुरानो, काभ्रे चण्डेश्वरीलाई नगरपालिकामा समायोजन, सबै वडाको काम नगरपालिका कार्यालयबाट संञ्चालन गर्दा आम नगरवासीको सेवा प्रवाहमा कठिनाई महसुस भएको हुँदा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट अनुमति लिई संगठन संरचना समयसापेक्ष बनाईने छ ।
- संयुक्त वडा कार्यालयहरु नभएको हुँदा १०, ११, १२ वडाको लागि संयुक्त कार्यालय काभ्रे भञ्ज्याङ, १ र १३ वडाको लागि पायक भट्टेडाँडा, ८ र ९ वडाका लागि पायक स्थान श्रीखण्डपुर, ६ र ७ वडाका लागि पायक स्थान बाँसघारी र बाँकी वडाहरुका लागि नगरपालिकाबाटै सेवा प्रवाह गरिनेछ ।
- नयाँ संगठन संरचना स्वीकृत भएपछि हाल कार्यरत कर्मचारीलाई स्वीकृत पदमा स्वत: समायोजन गरिनेछ । नयाँ दरबन्दी स्वीकृत भएमा हाल कार्यरत स्थायी कर्मचारीको अवकाश नभएसम्म व्यवस्थापन गरी नयाँ संगठन संरचना बमोजिम कर्मचारी व्यवस्थापन गरिनेछ ।
- श्रेणी बिहीन र मुखिया भन्दा मुनिका दरबन्दीमा रही अवकाश भई रिक्त रहने दरबन्दी स्वत: खारेज गरिनेछ ।

- नागरिक बडापत्रको माध्यमबाट सबै तह तथा वर्गको पहुँचमा पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ।
- पारदर्शिता एवं सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सुचनाहरुलाई बिद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्बजनिकीकरण गर्ने कार्यक्रमलाई प्रभावकारी बनाई निरन्तरता दिईनेछ।
- फोहोमैला ब्यबस्थापन, ढल प्रशोधन केन्द्र रेखदेख,कार्यालय सुरक्षा, सरसफाई, बगैचा हेरचाह, सवारी चालक, फायरम्यान, विधुतीय उपकरण मर्मत जस्ता सेवा करारमा लिने कार्यलाई निरन्तरता दिईनेछ।
- आगामी आ.ब.२०७४/०७५ मा नगरपालिकाले संचालन गर्ने कार्यक्रमहरुमा तेश्रो चौमासिकको अन्तमा पेश्कि दिने प्रणालीलाई निरुत्सातिह गर्ने र कार्य सम्पन्नताको आधारमा भुक्तानी उपलव्ध गराई पेश्कि वेरुजु घटाउने तथा हाल सम्म रहेको पेश्कि फछर्यौट गर्ने कार्य लाई विशेष जोड दिईनेछ।
- सुशासन प्रवर्द्धन तथा संस्थागत बिकाससँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धि सम्पूर्ण तथ्याङ्क नगरपालिका सूचना प्रणाली (Municipal Information System) मा आबद्ध गरी अद्यावधिक गरिनेछ।
- पारदर्शीता एवं सुशासनका लागि नगरपालिकाको आम्दानी एवं खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै बिकास निर्माण कार्यमा पारदर्शीता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई  र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

- धुलिखेल नगरपालिकाबाट दिइने सबै सेवाहरुलाई सुदृढ र सक्षम बनाउन आवश्यक सबै उपायहरुलाई अवलम्वन गर्दै यद्यपी धुलिखेल नगरपालिकाको सेवा प्रवाह क्षेत्रलाई आलोचनात्मक र सजग बनाउन गुनासो उजुरी र सुझाव पेटीकाको व्यवस्थाप ल्याई जन उत्तरदायि बनाउने।

च) **शिक्षा तथा स्वास्थ्य नीति**

- धुलिखेल नगरपालिकाद्वारा व्यवस्था गरिएका सामुदायिक विधालयहरुको विधार्थी सङ्ख्या, क्षेत्र,र विधालय दुरीलाई आधार बनाई प्राविधिक विशेषज्ञ सहितको कार्यदल गठन गरी सो विधालयहरुको अनुगमन निरीक्षण प्रतिवेदनको आधारमा विधालय समाहित (मर्ज) को व्यवस्थालाई अगाडि बढाईने छ ।
- गरीब तथा दलित विद्यार्थी, बालबालिका हरुलाई छात्रवृत्ति, कम्प्यूटर तालिम तथा पोशाक एवं शैक्षिक सामाग्री उपलब्ध गराइने छ ।
- पाठेघर सम्बन्धी रोकथाम तथा जनचेतना कार्यक्रम, प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना, भिटामिन ए, पोलियो थोपा जस्ता कार्यक्रमहरु सञ्चालनमा निरन्तरता दिईने छ ।
- स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिबृद्धि गरी HIV/AIDS, लागुपदार्थ तथा दुव्र्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिने ।
- सामुदायिक विद्यालयहरुको शिक्षाको स्तर विकास गर्न आवश्यकिय ढङ्गले उचित तवरमा धुलिखेल नगरपालिकाबाट नै आवश्यक

शिक्षकको व्यवस्था गर्न धु.न.पा. बाट शिक्षा विकास कोषको निर्माण गरी कार्यविधि अनुसार सो अनुसारको कामकार्यरु विस्तार गर्ने ।

- काठमाण्डौं विश्व विद्यालय, धुलिखेल अस्पताल सँग विगत २०६४ साल देखी प्रारम्भ भएको बार्ताको प्रकृयाबाट स्थानिय स्तरमा विद्यार्थीहरुको अध्यनार्थ आरक्षित कोटा एवं शिक्षा विकास कोषको लागि पहल भइरहेको वार्ता प्रकृयालाई औपचारिक रुप दिई सम्पन्न गर्ने ।
- धुलिखेल अस्पताल प्रवेशद्धार वा बाटोको दायाँबायामा रेलिङ्ग नभएकोले आमजनमानस बाटोको विचबाट आवत जावत गर्ने र एम्बुलेन्स तथा आकस्मिक अत्यावश्यक सेवका लागि गुडिने यातायात साधनहरुबाट भविश्यमा कुनै पनि आक्रान्त दुर्घटना हुने सम्भावना रहेकोले बाटोको दायाँ बायाँ रेलिङ्ग योजना सहित बत्ति र हरियालीकरणको योजना सहित निर्माण कार्य सम्पन्न गर्ने र सवारी साधनको बढ्दो चापलाई दृष्टिगन गरी धुलिखेल अस्पतालको लागि सवारी साधन विसाई राख्ने पार्कको व्यवस्थापन गर्ने ।
- धुलिखेल अस्पताल क्षेत्रिय अस्पतालको रुपमा विकास हुदै नेपालको पूर्वी क्षेत्र वा आमजनताको लागि स्वास्थ्यको क्षेत्रमा आशाको केन्द्र बनिरहेको र यसको सेवा सुविधा पनि क्रमस विस्तार भै रहेको अवस्थामा बाहिरी क्षेत्रबाट आई उपचारको क्रममा यही अस्पतालमा नै निधन हुने भएकाले समग्र आम जनताको सेवा सुविधाको लागि एउटा बैकल्पिक सवदाहस्थल र किरिया पुत्री रहने भौतिक सुविधा सहितको योजना कार्य अगाडी बढाउने ।

**छ) महिला, बालबालिका, जेष्ट नागरिक, आदिवासी जनजाति दलित, मुस्लिम र अपाङ्ग विकास नीति**

- नगरक्षेत्रभित्र वसोवास गर्ने जेष्ठ नागरिक, आदिवासी जनजाति, दलित मुस्लिम र अपाङ्ग समुदायको समानुपातिक विकासका लागि भौतिक पूर्वाधार निर्माण, क्षमता विकास, सीपमुलक तालिम जस्ता कार्यक्रम मार्फत सहयोग गरिनेछ ।
- धुलिखेल नगरपालिकाभित्र आगामी वर्षभित्र Gender Focal Desk स्थापना गरी Gender Focal Person समेत तोकिनेछ ।
- बालश्रमका सवालहरुलाई मुल प्रवाहिकरणका साथै धुलिखेल नगरपालिकामा निकृष्ट प्रकारको बालश्रम निवारण कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- आगामी १ वर्षभित्र धुलिखेल नगरपालिकालाई बाल मैत्री स्थानीय निकाय अन्तर्गत बाल मैत्री नगर घोषणा गर्ने नीति लिईनेछ ।
- लैङ्गिक विकासका लागि समानुपातिक व्यवहार लैङ्गिक बजेट र सशक्तिकरण गरिने नीति अवलम्बन गरिनेछ ।

**ज) सार्वजनिक निजी साझेदारी सम्बन्धी**

- सार्वजनिक नीजि साझेदारी (Public Private PartnershipPPP) अवधारणा अन्तर्गत सञ्चालनमा रहेका साझेदारी आयोजनाहरु मध्ये कम प्रभावकारी सिद्ध भएका आयोजनाहरुका सम्बन्धमा बैकल्पिक ब्यबस्था गर्ने र सफल आयोजनाहरु प्रभावकारीताको आधारमा निरन्तरता दिईनेछ ।
- नगरपालिकाको आयश्रोत बृद्धि हुनेगरी सार्वजनिक नीजि साझेदारी अवधारणा मार्फत सञ्चालित सार्वजनिक शौचालय, पार्क, पोखरी, पार्किङ्ग, फोहरमैला व्यवस्थापन, सडकबत्ती व्यवस्थापन, बजार व्यवस्थापन साथै व्यवस्थित एकिकृत मासु पसल तथा बधस्थल BOOT अर्थात पुर्वाधार निर्माण, संचालन तथा हस्तान्तरण

सम्बन्धि कानुनको अधिनमा रही व्यवस्थापन नीजि क्षेत्रद्धारा गराईनेछ ।

- धुलिखेल नगरपालिका वडा नं. १३ स्थित देवीस्थानमा निर्माणाधिन तर भूकम्पले क्षेति ग्रस्त भईरहेको भ्यू टावरको पुनः निर्माण प्रारम्भ गर्न आवश्यक सम्पूर्ण गुरुयोजना, डिजाईन ईष्टिमेटको कार्य सम्पूर्ण रुपमा सम्पन्न गरी ९एएए० मा जान सम्पूर्ण सरोकार पक्षसँग सहकार्य गरी अगाढी बढ्ने र सो क्रममा धु.न.पा. वडा नं. १० र काभ्रे क्षेत्रको पर्यटकिय व्यापार विकासको लागि ढुङ्गाको सिढी निर्माण गर्ने ।

**झ) सामाजिक परिचालन सम्बन्धी**

- वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र तथा टोलसुधार समितिका पदाधिकारीहरुको क्षमता विकास, तालिम तथा प्रभावकारी सञ्चालन गरिनेछ ।
- नगरपालिकाका सबै वडाहरुमा सामाजिक परिचालन कार्यक्रम क्रमशः लागु गरी सामाजिक सचेतना अभिबृद्धि गर्दै जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।

**ञ) सूचनासञ्चार तथा प्रविधि विकास सम्बन्धी**

- नगरपालिकाका कार्यक्रमहरु तथा विभिन्न सूचनाहरु विधुतीय माध्यमबाट छिटो छरितो तवरले प्रसारित गरिनेछ
- नगरपालिकाका विभिन्न सेवाहरुलाई विस्तारै e-Governance अवधारणा अनुरुप अगाडि बढाईनेछ ।
- नगरपालिकाको वेभसाईट तथा सामाजिक सञ्चालहरुका साथै Audio Notice Board, अनलाईन गुनासोजस्ता कार्यहरुलाई प्रभावकारी रुपले अगाडि बढाईनेछ ।

- नगरका मुख्य चोक तथा संवेदनशील स्थलहरुमा CCTV जडान गरिनेछ।

**अन्य नीतिहरु**

- यस नगरपालिकाले स्वदेशी तथा विदेशी नगरपालिकाहरुसंग भगिनी सम्बन्ध विस्तार गरी आपसी सहयोग बढाउने नीति लिनेछ । त्यसै अनुरुप हाल दक्षिण कोरियाको उल्जिन शहरसँग भगिनी सम्बन्ध कायम गर्ने कार्यको अन्तिम चरणमा पुगेको यहाँहरु समक्ष जानकारी पनि गराउँदछु।
- नगरपालिकाले शहरी विकास मन्त्रालयसगँ समन्वय गरी Land Pooling कार्यक्रम संचालन गरिनेछ। हाल विभिन्न कारणबाट सञ्चालनमा नरहेको धु.न.पा-७ स्थित Land Pooling कार्यक्रमलाई यस आ.व. बाट नै प्रकृया अगाडि बढाई आगामी १ वर्षभित्र शहरी पुर्वाधारको विकास गरी जग्गा नगरवासीलाई नै फिर्ता गरिनेछ।
- विपद व्यवस्थापन गर्न सार्वजनिक तथा सरकारी जग्गाहरु संरक्षम गरी खुला क्षेत्र कायमा गरी सो को जानकारी मन्त्रालयहरुमा पठाईनेछ।
- रु ६० लाख भन्दा माथिको सवै प्रकारको ठेक्कामा ई–सवमिसन लागू गरिनेछ।
- पूर्ण अशक्त/असाहय वृद्ध वृद्धाहरुलाई घर मै गएर भत्ता वितरण गरिनेछ।

- नगरपालिकालाई भ्रष्टाचारमा शुन्य सहनशिल नगरपालिकाको रुपमा घोषणा गरिने छ।
- नगरपालिकाको सक्रियतामा वडाहरुमा शहरी स्वास्थ्य क्लिनिक संचालन गरिने छ ।
- नगरपालिकाले हरेक वर्ष आफनो क्षेत्रमा रहेको सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पतिको लगत तयार गरी सोको जानकारी मन्त्रालयमा पठाउने ।
- नगरपालिकाबाट सहयोग पाउने सामुदायिक विद्यालयहरुमा पानी सहितको छात्र/छात्रा का लागि अलग–अलग शौचालय निर्माणमा जोड दिईनेछ ।
- नगरक्षेत्रमा घर निमार्णमा संलग्न डकर्मी मिस्त्री आदिलाई तालिम प्रदान गरी भवन संहिता सम्बन्धि तालिम प्राप्त जनशक्तिबाट भवन बनाउने व्यवस्था गरिने छ ।
- नगरपालिकाले कम्तिमा २५ जना व्यक्तिलाई Cost Effective Housing निर्माण सम्बन्धि १० दिने तालिम प्रदान गरी Certified गरेको डकर्मीहरुबाट यस्ता प्रकारका घरहरु निर्माणका लागि प्रोत्साहन गरिनेछ ।
- नगरपालिकाले फोहरमैला व्यवस्थापन गर्न वर्षको कुनै महिनाको कुनै हप्तालाई सरसफाई सप्ताह घोषण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- City Civil Code निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

- ➢ नगरक्षेत्रभित्र एक वस्तु एक नगर कार्यक्रम संचालनमा ल्याई स्थानिय आर्थिक विकास वृद्धि गरिनेछ ।
- ➢ नगरक्षेत्रमा सडकहरु विस्तार हुनुको साथै मेट्रिक सिस्टम कार्यान्वयनमा ल्याईनेछ।

१. नगरपालिका बोर्ड वैठकबाट सिफारीश भई आएको आ.व. २०७४/०७५ का लागि राजश्वका दररेटहरु स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

२. नगरपालिका बोर्ड वैठकबाट सिफारीश भई आएको आ.व. २०७४/०७५ का लागि बजेट तथा कार्यक्रम पारीत गर्ने निर्णय गरियो ।

**३.** धुलिखेल नगरपालिका बोर्ड बैठकबाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गरियो।


**४.** यस धुलिखेल नगरपालिकाको आ.व. २०७४/०७५ को बोर्डबाट सिफारीश भै आएको ७४ जनाजम्मा कर्मचारी-दरबन्दी संरचना स्वीकृत गरियो ।साथै स्थाई पदपूर्ति नभएसम्मको लागि कार्य सम्पादनमा बाधा नहुने गरि सेवा करारमा व्यवस्था गर्ने समेत निर्णय गरियो |

| **सि.नं.** | **श्रेणी /तह** | **पद** | **स्वीकृत दरबन्दी** | **पदपूर्ति** | **रिक्त संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | रा.प.तृतीय | कार्यकारी अधिकृत | १ | १ | ० | |
| २ | अधिकृत स्तर सातौं | सिभिल ईन्जिनियर | १ | १ | ० | |
| ३ | अधिकृतस्तर छैठौ | सिभिल ईन्जिनियर | १ | १ | ० | |
| | | लेखा अधिकृत | २ | २ | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रशासकिय अधिकृत | १ | ० | १ | |
| | | राजस्व अधिकृत | १ | ० | १ | |
| | | कार्यक्रम/सामाजिक विकास अधिकृत | १ | ० | १ | |
| | | वातावरण ईन्जिनियर | १ | ० | १ | |
| | | शहरी शासन बिज्ञ | १ | ० | १ | |
| | | आन्तरिक लेखा परिक्षक | १ | ० | १ | |
| ४ | सहायक स्तर पाँचौ | ना.सु. | १२ | ३ | ९ | |
| | | सव ईन्जिनियर (सिभिल) | ३ | २ | १ | |
| | | लेखापाल | २ | १ | १ | |
| | | नगर निरिक्षक | १ | ० | १ | |
| ५ | सहायक स्तर चौंथो | खरिदार | ३ | २ | १ | |
| | | अमिन | २ | ० | २ | |
| | | रिसेप्सनिष्ट | १ | १ | ० | |
| | | स्वास्थ्यसहायक | १ | १ | ० | |
| | | कम्पुटर अपरेटर | ९ | ० | ९ | |
| | | अ.सव. ईन्जिनियर | १ | ० | १ | |
| | | सहायक नगर निरिक्षक | १ | ० | १ | |
| | | ईलेक्ट्रिसियन | १ | ० | १ | |
| | | बिजुली मिस्त्री | २ | २ | ० | |
| ६ | सहायकस्तर तृतीय | कार्यालय सहायक | १ | १ | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | सहायक स्तर प्रथम | हलुका सवारी चालक | २ | २ | ० | |
| | | भारी सवारी चालक | २ | ० | २ | |
| | | फायर म्यान | ४ | ० | ४ | |
| | | नगर प्रहरी | ४ | ० | ४ | |
| | | कार्यालय सहयोगी | ११ | १० | १ | |
| **जम्मा** | | | **७४** | **३०** | **४४** | |

५. यस धुलिखेल नगरपालिकाको आ.व २०७४/०७५ का लागि साँगठनिक संरचना स्वरुप देहाय बमोजिम स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।




६. धुलिखेल नगरपालिकाको सेवा सुविधालाई अझ बढी प्रभावकारी रुपले सञ्चालन गर्न सेवा सुविधालाई अझ चुस्त दुरुस्त राख्न देहाय अनुसारका विनियम, निर्देशिका, कार्यबिधिहरु स्वीकृत गरियो ।

- नगरपालिका कर्मचारी आचारसंहिता
- न.पा. संगठन विकास
- गरीबि न्यूनीकरण कार्यक्रम कार्यविधी
- समावेशी लैंगिक समता तथा लक्षित वर्ग उत्थान कार्यविधी
- चाडवाड तथा जात्रा पर्व व्यवस्थाप कार्यविधी
- प्रकोप व्यवस्थपान कार्यविधी

- खेलकुद विकास कार्यविधी
- धरौटी व्यवस्थापन कार्यविधी
- कर्मचारी कल्याण कोष कार्यविधी
- प्रकोप व्यवस्थापन कार्यविधी
- पर्यटन विकास कार्यक्रम कार्यविधी
- वन संरक्षण कार्यविधी
- धरौटी व्यवस्थापन कार्यविधी
- मर्मत सम्भार कार्यविधी

७. उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनहरुको लागि ठोस संरचना निर्माणमा १०% र ग्राभेल तथा माटोको कार्यका लागि कुल लागतको २०% ले हुने जनसहभागिता गर्ने नीति अनिवार्य रुपले लागु गर्ने निर्णय गरियो । प्राविधिक सहयोग सिफारीश हुन आएमा सहयोग गर्ने ।

८. नगरपालिकाको आन्तरिक आय राजश्व (जस्तैः पार्किङ्ग, एकिकृत सम्पत्ति कर,शौचालय व्यवस्थापन आदि ) पहिचान गर्ने कार्यको लागि आय प्रक्षेपण तथा पहिचान गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

९. जिम्मेवारीअनुसार कार्यालयको काम कार्यवाहीलाई छिटो छरितो र व्यवस्थित गरी जनमुखी सेवा दिने उद्देश्यले कामको चाप र प्रकृति अनुसार को प्रत्येक शाखाको कारवाहीलाई चुस्त तथा मितब्ययी कार्यालयको समय सापेक्ष संगठन विकास अध्ययन प्रतिवेदन तयार गरी लागु गर्ने निर्णय गरियो।

१०. नगरपालिकाले सम्पादन गरेको विविध विकास गतिविधिहरु नागरिक समक्ष जानकारी गराउन त्रैमासिक बुलेटिन, पुस्तिकाहरु नगर सूचना तथा अभिलेख केन्द्रबाट नियमित प्रकाशन गर्ने निर्णय गरियो।

११. नगरपालिकामा गत परिषददेखि हालसम्म सञ्चालन भएका योजनाहरुको अनुगमन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदनलाई छलफल गरी प्रतिवेदनले औल्याएको विषयमा आवश्यक किनारा लगाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१२. सहभागितामूलक पद्धतिमा वस्तीहुँदै वडानागरिक मञ्चबाट प्राथमिकतामा परि एकीकृत योजना तर्जुमा समितिमा पेश भएका तर स्रोतको अभावले गर्दा वार्षिक नगर विकास योजनामा समावेश हुन नसकेका देहायका योजनाहरु प्राथमिकताका आधारमा देहायका निकायमा माग गर्ने निर्णय गरियो।

१३. प्रशासनिक खर्चको सीमामा रही आन्तरिक स्रोतबाट दायित्व व्यहोर्ने गरी नगरपालिका कार्यालयका लागि प्रस्ताव गरेको कर्मचारीको पारिश्रमिक विवरण र सुविधा स्वीकृत गरियो ।

१४. नगरपालिका कार्यालयबाट तयार पारी परिषद्को बैठकमा पेश गरिएको नगरपालिकाको स्वामित्वमा रहेका खर्च नभएर जाने चल अचल संपत्ति र घर जग्गा लगायतका अचल संपत्तिको विवरणलाई अभिलेख गरियो र यी चल–अचल संपत्तिलाई संरक्षण गर्न नगरपालिकालाई निर्देशन प्रदान गरियो ।

१५. स्थानीय स्वायत्त शासन नियमावलीको नियम २१५ (६) बमोजिम नगरपालिका पदपूर्ति समितिका अध्यक्ष श्री चुनियालाल श्रेष्ठ ज्यूले

परिषदको वैठकमा पेश गरेको वार्षिक प्रतिवेदन उपर छलफल गरी यसलाई अभिलेखीकरण गरियो ।

१६. नगरपालिका बाल मैत्री स्थानीय शासन (Child Friendly Local Governance-CFLG) अवलम्बन आ.व. २०७४/०७५ साल भित्रमा बालमैत्री नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

१७. यस नगरपालिकालाई २०७५/०७६ सालसम्म खुला दिशामुक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

१८. नगरपालिकामा पूर्बाधार विकास योजना सञ्चालन गर्दा दिगो, गुणस्तरीय र वातावरणीय मैत्री पक्षमा जोड दिने निर्णय गरियो ।

१९. नगपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनका लागि देहाय बमोजिम कार्य तथा कार्यक्रम स्वीकृत गरियो ।

- फोहोरमैलालाई जैविक र अजैविक स्रोतमै वर्गीकरण गर्ने कार्यक्रम सञ्चालन।
- खेर गईरहेको प्लाष्टिकजन्य पदार्थहरुलाई पुन प्रयोग गरी हस्तकला सामग्री बनाउने कार्य ।
- कम्पोष्ट बिन वितरण कार्यक्रम सञ्चालन ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना कार्यक्रम तथा सचेतना अभियान ।

२०. नगपालिका क्षेत्रभित्र जनस्वास्थ्य प्रवर्द्धनका लागि देहाय बमोजिम कार्यक्रम स्वीकृत गरियो ।

- महिला स्वास्थ्य संयमसेविकाहरुलाई क्षमता विकास तालिम।
- खुला दिसा मुक्त क्षेत्र कार्यक्रम सँचालन।
- बजार अनुगमनको निरन्तरता।
- स्वास्थ्य चौकीहरुको स्तरोन्नति।
- यौन तथा प्रजनन् स्वास्थ्य तालिम।
- स्वास्थ्य उपकरण वितरण।
- भूस्याहा कुकुर नियन्त्रण र व्यवस्थापन।

२१. नगरपालिका विकास योजना सञ्चालन तथा व्यवस्थापन लैंगिक तथा सामाजिक समावेशी समुदाय लाभान्वित हुने गरी संचालन गर्ने निर्णय गरियो।

२२. नगरपालिकाको काम कारवाहीलाई व्यवस्थित बनाउन नगरपालिकाको बैठकबाट पारित गरी स्वीकृतको लागि परिषदको वैठकमा पेश गरिएका निर्देशिकाहरुलाई आजैका मितिदेखि लागु गर्ने गरी स्वीकृत गरियो।

२३. प्रत्येक आयोजनाकोसम्बन्धित कार्यान्वयनकर्ताले आयोजनास्थलमा नै सार्वजनिक परीक्षण गरेपछि मात्र अन्तिम किस्ता भुक्तानी दिन तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका लागि स्थानीय योग्य व्यक्ति/संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो।

२४. नगरपालिकाको मिति २०७३/९/२४ गते,दर्ता नं ५८२५,फर्म नं ३६०९ "ख",पे.प्र.प.नं २१८६ "ख",सदस्यता नं ६२०५ "ख",प्यान नं

३०११०८०२५ को पनौती न.पा ६,काभ्रे स्थित श्रीकुमार सुवाल एण्ड ऐसोसिटसवाट प्राप्त अन्तिम लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरियो र प्रतिवेदनमा औंल्याईएका पेश्की तथा बेरुजु अबिलम्ब फछ्यौंट कारवाही अगाडि बढाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो।

२५. नगरपालिकाकालागिदेहायकोआन्तरिकक्षमताविकासतालिमतथागोष्ठिसंचालनकोखर्चमापदण्ड(Expenditure Norms for Internal Training) स्वीकृत गरियो।

| **क्रसं.** | **खर्च क्षेत्र** | **इकाइ** | **दर रु** | **सीमा** |
|---|---|---|---|---|
| १ | स्रोत व्यक्तिको पारिश्रमिक कार्यालय बाहिरबाट स्रोत व्यक्ति | प्रति व्यक्ति प्रति डेढ घंटा | १००० | स्रोत सामाग्री रु २०० सहित |
| २ | स्रोत व्यक्तिको पारिश्रमिक कार्यालय भित्र स्रोत व्यक्ति | प्रति व्यक्ति प्रति डेढ घंटा | ५०० | स्रोत सामाग्री रु २०० सहित |

| | | | | |
|---|---|---|---|---|
| ३ | सहजकर्ता पारिश्रमिक प्रति सेसन | प्रति सेसन | ७०० | एक कार्यक्रममा एक जनामात्र |
| ४ | खाजा खर्च | प्रति व्यक्ति प्रति दिन | १५० | दिनको एक पटक |
| ५ | खाना खर्च | प्रति व्यक्ति प्रति दिन | २०० | दिनको एक पटक |
| ६ | चिया खर्च | प्रति व्यक्ति | ५० | दिनको दुई पटकसम्म |
| ७ | सहभागी स्टेसनरी | प्रतिव्यक्ति प्रति तालिम | १५० | डटपेन, कापी र अन्य |
| ८ | तलिम स्टेसनरी | प्रति तालिम | ५००० | मर्कर, बोर्ड पेन आदि |
| ९ | आवासीय तालिम गर्दा प्रति सहभागी | प्रति व्यक्ति प्रतिदिन | १५०० | खान बस्न सहित |
| १० | उद्घाटन खर्च | प्रति तालिम | ५००० | आवश्यकता अनुसार |
| ११ | समापन खर्च | प्रति तालिम | ५००० | आवश्यकता अनुसार |

| | | | | |
|---|---|---|---|---|
| १२ | प्रतिवेदन लेखन नेपालीमा | प्रति तालिम | २००० | १ जनामात्र |

२६. उपभोक्ता समितिलाई प्रदान गरिने तालिम खर्च खर्च मापदण्ड (Expenditure Norms for Internal Training to User Committee) देहाय वमेजिम हुने गरी स्वीकृत गरियो।

| क्रसं. | खर्च क्षेत्र | इकाइ | दर रु | सीमा |
|---|---|---|---|---|
| १ | स्रोत व्यक्तिको पारिश्रमिक कार्यालय बाहिरबाट स्रोत व्यक्ति | प्रति व्यक्ति प्रति डेढ घंटा | १००० | स्रोत सामाग्रीसहित |
| २ | खाजा खर्च | प्रति व्यक्ति प्रति दिन | ५०० | दिनको एक पटक मात्र |
| ३ | सहभागी स्टेसनरी | प्रति व्यक्ति प्रति तालिम | १५० | डटपेन, कापी र अन्य |
| ४ | तलिम स्टेसनरी | प्रति तालिम | ५००० | मर्कर, बोर्ड पेन आदि |

| | | | | |
|---|---|---|---|---|
| ५ | खाना खर्च | प्रति व्यक्ति प्रति दिन | २०० | दिनको दुइ पटक |
| ६ | चिया खर्च | प्रति व्यक्ति | ५० | दिनको दुइ पटक |
| ७ | आवासीय तालिम गर्दा प्रति सहभागी खर्च | प्रति व्यक्ति प्रति दिन | १५०० | खान बस्न सहित |
| ८ | उद्घाटन खर्च | प्रति तालिम | ५००० | आवश्यकता अनुसार |
| ९ | समापन खर्च | प्रति तालिम | ५००० | आवश्यकता अनुसार |

२७. मिति २०७३/०६/१३ मा पेश गरिएको वजार अनुगमन प्रतिवेदनमा पेश भई प्रतिवेदनवाट औल्याईएका देहाय वमोजिम कार्यान्वयन गर्दै जाने निर्णयलाई पारित गरियो।

तपसिल–

- व्यवसाय दर्ता नभएको पाईएकोमा दर्ताका लागि धुलिखेल उद्योग वाणिज्य संघमा सम्पर्क राख्ने।

- खान योग्य गुणस्तरीय सामान मात्र विक्रि गर्ने तथा म्याद नाघेकाअखाद्य वस्तु विक्रिवाट हुनसक्ने स्वास्थ्य सम्वन्धि जानकारी गर्ने ।
- व्यवसायहरु दर्ता अनुसार विक्री वितरण गर्ने समेत गर्ने ।

२८. मिति २०७३/०६/१३ मा पेश गरिएको मासु पसल अनुगमन प्रतिवेदनमा पेश भई प्रतिवेदनवाट औल्याईएका देहाय वमोजिम कार्यान्वयन गर्दै जाने निर्णयलाई पारित गरियो ।

तपसिल–

- मासु काटने हतियार सफा गर्न सचेत गर्ने ।
- पसल अगाडि डस्पिन राख्ने
- मासु पसलामा झिंगा भन्केको पाइएकोले जाली र सिसा लगाउन सचेत गराउने ।
- भुस्याहा कुकुर नियन्त्रण गर्नका लागि मासु विक्रेता हरुलाई सचेत गर्ने ।
- डिप फ्रिजको सरसफाईमा ध्यान दिने ।

२९. धुलिखेल नगरपालिकाको आ.व. २०७४/०७५ को वार्षिक विपद जोखिम न्यूनीकरण कार्ययोजना स्वीकृत गरियो ।

३०. देहायका कार्यहरु सेवा करारबाट सम्पादन गर्ने निर्णय गरियो ।

- नगर सरसफाई
- कार्यालय सुरक्षा

- वगैंचा रेखदेख
- ढल सरसफाई
- ढल प्रशोधन केन्द्र व्यवस्थापन
- सडक बत्ती मर्मत तथा व्यवस्थापन
- कार्यालय सरसफाई
- नगर तथा बजार व्यवस्थापन
- कम्प्युट प्राविधिक
- फायरम्यान
- असिस्टेन्ट सब ईन्जिनियर
- सब ईन्जिनियर
- कार्यालय सहयोगी

३१. यस नगरपालिकामा कार्यरत कर्मचारीहरु (ICT Volunteer समेत) लाई परिषद् खर्चबापद न्यूनतम तलब स्केलको एक महिनाको प्रत्येक वर्षपरिषद खर्च उपलब्ध गराउने निर्णय पारित गरियो।

३२. यस नगरपालिकामा थप वडा सचिवको जिम्मेवारी लिएका कर्मचारीलाई यातायात तथा सञ्चारबापत प्रत्येक महिना रु. ५०० उपलब्ध गराउने निर्णय गरियो।

३३. उत्पीडित महिलाहरुको सीप तथा आय आर्जन कार्यक्रमका लागि यस नगरपालिकामा जिन्शी मौज्दात रहेका सिलाई मेशिन वडाहरुमा गठन भएका नागरिक सचेतना केन्द्रहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

३४. नगरपालिका क्षेत्रभित्रको वातावरण संरक्षणका लागि देहाय बमोजिम कार्य तथा कार्यक्रम स्वीकृत गरियो ।

- वातावरणीय प्रमुख मुल्याङ्कन कार्य
- प्रारम्भिक वातावरणीय परीक्षण कार्य
- वृक्षारोपण कार्यक्रम ( सडक दायाँ-बायाँ, सामुदायिक वन, कबुलियती बन, सरकारी वन, सार्वजनिक बाटो)
- पोखरी/पार्क निर्माण

३५. जलवायु परिवर्तन प्रभाव न्यूनीकरण कार्यक्रम देहाय बमोजिम स्वीकृत गरियो ।

- वृक्षारोपण
- किटनाशक तथा विषाधी औषधी प्रयोग सम्बन्धी सचेतना कार्य्रम
- शौर्य शक्ति प्रवर्द्धनात्मक कार्यक्रम
- जनसङ्ख्या वृद्धि रोकथाम कार्यक्रम
- सुधारीएको चुल्होमा जोड
- पानीको मुल संरक्षण

३६. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत आ.व. २०७४/०७५ मा सामाजिक सुरक्षा भत्ताका लागि नवीकरण साथै नयाँ दर्ता हुन आएकाहरुलाई परिचय पत्र उपलब्ध गराउने निर्णय गरियो ।

३७. प्रत्येक महिना सामाजिक परिचालकहरुलाई सञ्चार खर्च LGCDP बाट प्राप्त भएकाले विशेष परिषदबाट दिईएकोमा सञ्चार खर्चको

सट्टामा प्रत्येक सामाजिक परिचालकलाई खाजा खर्च बापत मासिक रु. ५०० दिने निर्णय गरियो।

३८. यस कार्यालयमा कार्यरत कर्मचारीहरुको संचित घरबिदा र बिरामी बिदा बापतको रकम पछी सेवाबाट अलग हुदा पाउने सुबिधाबाट कट्टी हुने गरी कर्मचारी कल्याण कोषबाट भुक्तानी दिने निर्णय गरियो |

३९. स्व-वासी घरजग्गा दर्ता भई जग्गा धनि प्रमाण पुर्जा प्राप्त नगरेका निजी आवास सम्झौता गरेका घरधुरी साथै जग्गा धनि हरुलाई जग्गा दर्ताको सिफारिस उपलब्ध गराउने |

४०. गुनासो फाराम भर्न छुट भएका धु.न.पा. अन्तर्गतका भूकम्प पीड़ित लाभाग्राही हरुको अनुदान सम्झौता का लागी प्राधिकरण मार्फत पहल गरिने |

४१. नगरपालिका क्षेत्र भित्र रहेका ढल प्रशोधन केन्द्रहरु श्रीखण्डपुर ढल प्रसोधन केंद्र पिपलबोट ढल प्रसोधन केन्द्र ,र ठकुरी गाऊ ढल प्रसोधन केन्द्र हरुको मर्मत तथा व्यवस्थापन कार्य गर्ने।

४२. सास्कृतिक सम्पदा क्षेत्र भित्र रहेका पुरानो बजार क्षेत्रमा भुकम्पबाट क्षतिग्रस्त भई नया घर निर्माण (परम्परागत तरिकाले मात्र) गर्दा प्राय जसो घर-जग्गा सगोलमा भई अंशबंडा नभएका अवस्थामा २ आना भन्दा कम क्षेत्रफलका घर जग्गाहरु रहेकोले अंशबंडा प्रयोजंनका लागी २ आना कम घरजग्गा भएका हरुको हकमा कित्ता काट गर्नको लागि नापी कार्यालय तथा नापी कार्यालयमा आवश्यक सिफारीस गरी पठाउने |

४३. नगरपालिकाबाट हुने अनुगमनलाई सघन बनाउने निर्णय गरियो।

४४. धुलिखेल नगरपालिका क्षेत्र भित्र सार्वजनिक जग्गाहरुमा पिकनिक स्पटका रुपमा विकास गर्न सर्वे डिजाईन सहित सम्भाव्यता अध्ययन गर्ने ।

४५. वडा न.२ ,खेलमैदानका छेउमा भएकोसार्वजनिक सौचालयलाई सन्चालनमा ल्याउने निर्णय गरियो |

४६. धुलिखेल मनोरन्जन पार्कलाई बालमैत्री तथा ज्येष्ठ नागरिक मैत्री पार्कको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने।

४७. सुचिकृत भएका संघसस्थाहरु तथा व्यक्तिहरुले अनिवार्य रुपमा न.पा.मा दर्ता नवीकरण गर्नु पर्ने |

४८. नक्सा पास गरी घर निर्माण गर्ने डकर्मीहरुले अनिवार्य न.पा.मा दर्ता गरी प्रमाणपत्र लिएको हुनु पर्ने |

४९. घर नक्सा पास गर्दा निर्माण सम्पन्न प्रमाणपत्र लिनु पुर्व घर धनीले आफ्नो घरको अगाडी २ वटा विरुवा रोप्ने |

५०. कुनै पनि योजनहरु सन्चालनमा गर्दा रुख विरुवा काट्नु पर्ने अवस्था आएमा १ रुख बराबर ४ विरुवा रोप्नु पर्ने व्यवस्था मिलाउनु पर्ने |

५१. टोल विकास संस्थाको सिफारिसमा जग्गा बाँझो राख्ने व्यक्तिलाई जरिवाना गर्ने।

५२. देहायका अन्तर नगर साझेदारी कार्यक्रम तथा योजना सञ्चालन गर्न-आवश्यक पहल गरिनेछ।

क. फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण

ख.	सडक बत्ती व्यवस्थापन

ग. विपद व्यवस्थापन

घ. सडक तथा ढल मर्मत तथा व्यवस्थापन

ङ.बजार व्यवस्थापन

५३. धुलिखेल नगरपालिकाको कार्यसम्पादन अनुसार उत्कृष्ट कार्य गर्ने देहायका उत्कृष्ट वडा नागरिक मन्च, टोल विकास सस्था, उत्कृष्ट नागरिक सचेतना केन्द्र ,उत्कृष्ट उपभोक्ता समिति, उत्कृष्ट कर दातालाई सम्मान गर्ने निर्णय गरियो |

- उत्कृष्ट कर दाता **:प्रेम कण्ठ माकजु, धुलिखेल लज एण्ड रिसोर्ट,वडा नं.६**
- उत्कृष्ट उपभोक्ता समिति:**बालकुमारी मार्ग टोल विकास संस्था,वडा नं.७**
- उत्कृष्ट नागरिक सचेतना केन्द्र:**लंखनामाई नागरिक सचेतना केन्द्र,वडा नं.३**
- वडा नागरिक मञ्च : वडा नं. १०
- उत्कृष्ट टोल विकास संस्था:**भैरव दुटोलटोल विकास समिति,वडा नं.४**

५४. न.पा.मा कार्यरत कर्मचारीहरुलाई देहाय अनुसार पुरष्कृत गर्ने निर्णय गरियो।

- सर्वोत्कृष्ट कर्मचारी – फायर म्यान श्री हरि बहादुर भुजेल

- उत्कृष्ट कर्मचारी – ना.सु. श्री मिन गोपाल तखाछे
- उत्कृष्ट कर्मचारी- बिजुली मिस्त्री श्री धुर्वप्रसाद पराजुली
- उत्कृष्ट कर्मचारी-का.स. श्री सानु लामा
- उत्कृष्ट कर्मचारी-फायर म्यान श्री प्रदिप महत

५५. धुलिखेल नगरपालिकाको संगठन संरचना र दरबंदी सम्बन्धी कार्य गर्न परामर्श दातालाई जिम्मा दिई प्रतिवेदन तयार गर्ने |

५६. नगरपालिकाबाट तयार पारिएको आ.व. ०७३/०७४ देखि ०७७/०७८ सम्मको बस्तुगत विवरण स्वीकृत गरिय |

५७. नगरपालिकाबाट तयार पारिएको आ.व. ०७४/०७५ देखि ०७८/०७९ सम्मको राजस्व सम्भाभ्यता अध्ययन तथा प्रक्षेपण स्वीकृत गरियो |

५८. यस नगरपालिकाबाट संचालित ब्याक-हु लोडर न.पा भित्रका सार्वजनिक काममा संघ सस्था तथा नागरिकहरुले ईन्धन खर्च व्यहोर्ने गरी उपलब्ध गराउन निर्णय भएमा देहाय अनुसार ईन्धन खर्च उपभोक्ताले व्यहोर्ने निर्णय गरियो |

**तपसिल:**

क)डिजेल –प्रतिघण्टा ८ (आठ) लिटर

ख) ग्रिज –प्रति दिन १ (एक) के.जी.

५९. यस नगरपालिका क्षेत्र भित्र निर्माण गरिएको घर सम्पन्न गरी सक्नु पर्ने म्याद समाप्त भएको मिति देखि एकिकृत सम्पत्ति भएको मुल्यांकन गरी कर लिने निर्णय गरियो |

६०. यस नगरपालिका क्षेत्र भित्र भवन निर्माण गरिसक्नु पर्ने अवधि व्यतित भएका भवनका नक्साहरुको नामसारी गर्दा एकिकृत सम्पत्ति करको समेत हिसाव मिलान गरी नामसारी गर्ने निर्णय गरियो |

६१. धुलिखेल नगरपालिकाको भवन निर्माण मापदण्ड तथा कार्यविधि-२०७३ संशोधित स्वीकृत गर्ने निर्णय गरियो |

६२. विगत वर्षमा निर्माण गरेका ९x९ र ९x१२ को पिलरको हकमा नक्शापास हुन बाँकी रहेका र तला थप गरेका वा थप गर्न बाँकी रहेका घर निर्माण गर्न देहाय बमोजिम गर्ने निर्णय गरियो।

- ९x९ पिलर भएको हकमा २.५ तला सम्म
- ९x१२ पिलर भएको हकमा ३ तला सम्म

६३. राष्ट्रिय भू-उपयोग नीती तर्जुमामा सहयोग गर्नका लागि ब्यापारिक क्षेत्र,कृषि क्षेत्र ,आवास क्षेत्र, औधोगिक क्षेत्र , शिक्षा क्षेत्र ,स्वास्थ्य क्षेत्र ,खुल्ला दिशा क्षेत्र, पर्यटन क्षेत्र ,सास्कृतिक सम्पदा क्षेत्र र मनोरन्जन क्षेत्र तोक्नका शहरी विकास समिति गठन गरी समितिबाट प्रतिवेदन पश्चात कार्यान्वयन गर्ने निर्णय गरियो |

६४. यस नगरपालिका क्षेत्र भित्र निर्माण गरिएको घर नक्सापासको म्याद समाप्त भएपछि मात्र निर्माण सम्पन्न प्रमाणपत्र लिन निवेदन प्राप्त हुन आएमा धरौटी फिर्ता नगर्ने र नगरपालिकाको मर्मत सम्भार कोषमा जम्मा गर्ने निर्णय गरियो |

६५. यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक बिद्यालयहरु मध्य न.पा बाट शिक्षक सहयोग अनुदान प्राप्त गरेका बिद्यालयहरुको व्यवस्थापन गर्न सामुदायिक बिद्यालयहरुको अध्ययन समिति गठन गरी सो समिति बाट प्रतिवेदन पेश पश्चात कार्यान्वयन गर्ने निर्णय गरियो |

६६. नगरपालिका क्षेत्र भित्र रहेका स्थानीय खानेपानी स्रोतहरुकोपरिचालन गरी अल्पकालीन र तत्कालिन खानेपानी आपूर्तिका लागि खानेपानी स्रोतहरुको अध्ययनका साथै पहिचान गरी स्रोत सम्रक्षण एंव खानेपानी आपूर्तिका लागि धुलिखेल खानेपानी तथा सरसफाई उपभोक्ता समिति र स्थानीय खानेपानी उपभोक्ता समिति संग सहकार्य गर्ने निर्णय गरियो |

६७. सेवा करारमा व्यवस्था गरिएका १० बर्ष अवधि पुगेका कर्मचारीहरुको लागि सेवा वर्ष बराबरको महिना (बढीमा ६ महिना) घरबिदा रकम उपलब्ध गराउने निर्णय गरियो |

६८. नगरपालिकामा कार्यरत सबै कर्मचारीहरूलाइ पछि सेवावाट अलग हुँदा पाउने सुबिधावाट कट्टी हुने गरी संचित बिरामी विदा र घर विदा बापतको रकम कर्मचारी कल्याण कोषवाट भुक्तानी दिने निर्णय गरियो ।

६९. बिगतमा नक्सा पास नभएका र मापदण्ड अनुसार बनेका भवनहरूको नक्शा पासमाग गरी निवेदन पर्न आएमा हाल नक्शापास दस्तुरको दोब्बर जरिवाना लिई नक्शापास गर्ने निर्णय गरियो ।

(उक्त प्रयोजनका लागि नगरपालिकाबाट ३० दिनको समयावधि दिई निवेदन माग गर्ने र ३ महिना भित्रमा नक्शापास दिईसक्ने। उक्त समयावधि भित्र निवेदन नदिई अटेर गरेमा उक्त रकममा दोब्बर जरिवाना लिएर मात्र नक्शापास दिईनेछ। साथै २०७३ पौष मसान्तसम्ममा प्राप्त हुन आएका निवेदनका हकमा उल्लेखित दरमा २० % छुट दिईनेछ।)

७०. बिगतमा नक्सा पास भएका र मापदण्ड अनुसार बनेका तर निर्माण सम्पन्न प्रमाण पत्र लिन बाँकि रहेका भवनहरूको निर्माण सम्पन्न प्रमाण पत्र माग गरि निवेदन पर्न आएमा देहाय अनुसार जरिवाना लिई प्रमाण पत्र दिने निर्णय गरियो

| सि .नं. | भवनको विवरण | लाग्ने जरिवाना | कैफियत |
|---|---|---|---|
| १ | निर्माण सम्पन्न प्रमाण पत्र लिनु पर्ने समयावधि २ वर्षभन्दा कम नाघेका | हालको अवस्थामा नक्सा पास गर्दा लाग्ने दस्तुर बराबरको रकमको ५०% थप | म्याद १ महिना |
| २ | निर्माण सम्पन्न प्रमाण पत्र लिनु पर्ने समयावधि ५वर्षभन्दा कम नाघेका | हालको अवस्थामा नक्सा पास गर्दा लाग्ने दस्तुर बराबरको रकमको ७५% थप | म्याद १ महिना |

| | | | |
|---|---|---|---|
| ३ | निर्माण सम्पन्न प्रमाण पत्र लिनु पर्ने समयावधि ५ वर्ष भन्दा बढी नाघेका | हालको अवस्थामा नक्सा पास गर्दा लाग्ने दस्तुर बराबरको रकमको १००% थप | म्याद १ महिना |

(उक्त प्रयोजनका लागि नगरपालिकाबाट ३० दिनको समयावधि दिई निवेदन माग गर्ने र ३ महिना भित्रमा निर्माण सम्पन्न प्रमाण पत्र दिईसक्ने। उक्त समयावधि भित्र निवेदन नदिई अटेर गरेमा उक्त रकममा दोब्बर जरिवाना लिएर मात्र निर्माण सम्पन्न प्रमाण पत्र दिईनेछ। साथै २०७३ पौष मसान्तसम्ममा प्राप्त हुन आएका निवेदनका हकमा उल्लेखित दरमा २० % छुट दिईनेछ।)

७१. बिगतमा नक्शापास भई नक्शाभन्दा भिन्न डिजाईनमा बनेका तर मापदण्ड भित्रै भएका संरचनाहरुलाई निर्माण सम्पन्न प्रमाण पत्र दिंदा हाल लाग्ने नक्शापास दस्तुरमा ५०% थप लिईने निर्णय गरियो।

७२. २०७२ साल बैशाख महिनाको भूकम्पबाट पिडित सबै नगरवासीहरूलाई घर नक्सा पास दस्तुरमा ५० प्रतिशत छुट दिंदै आएकोमा अबदेखि निजि आवास पूननिर्माण अनुदान सम्झौता गरी नेपाल सरकार तथा राष्ट्रिय पूननिर्माण प्राधिकरणले निर्धारण गरेका नमूना अनुसारका आवास निर्माण गर्दा मात्र नक्सा पास दस्तुरमा पूरै छुट दिने र नक्सा निर्माणमा समेत सहयोग गर्ने निर्णय गरियो

७३. निर्माण सम्पन्न प्रमाण पत्र दिंदा नक्सा पास अनुसार संरचनाको निर्माण नगरेको तर निर्धारित मापदण्ड पूरा भएका संरचनाको हकमा प्रति वर्ग फीट रू १० जरिवाना लिई प्रमाण पत्र दिने .।

७४. माथि उल्लेखित प्रकृया पूरा गरी संरचनालाई नियमितता दिन र सम्पर्क राख्न नआउने हरुको हकमा निवेदन दिने म्याद समाप्त भएपछि सेवा सुविधा रोक्का गर्ने तथा त्यस्ता संरचना हटाउने निर्णय गरियो।

७५. धुलिखेल नगरपालिका क्षेत्रभित्रको फोहोरमैल व्यवस्थापन कार्य सम्बन्धी गठीत फोहोरमैला व्यवस्थापन छलफल समितिबाट प्रस्तावित आय र खर्च विवरण पेश हुन आए बमोजिम सो प्रस्तावित विवरण माथि छलफल भई देहाय बमोजिम परिमार्जन सहित सरसफाई शुल्क तोक्ने निर्णय गरियो।

- पक्की घर – रु१५० . (व्यवसायिक भए रु. २००)
- कच्ची घर ५० .रु - (व्यवसायिक भए रु. १००)
- पसलको२०० .रु -
- साना होटल – रु१५० .

ले तोके बमोजिमको मापदण्ड शुल्क हुनेछ.पा.अन्यको हकमा न)(।

७६. हाल धुलिखेल नगरपालिका वडा नं १ स्थित फोहोरमैला विसर्जन . गर्दै आएको फोहोरमैला व्यवस्थापन केन्द्रलाई व्यवस्थित गर्न स्थायी ल्याण्डफिल साईटमापूर्वाधार विकास नभएसम्मका लागि थप सुधारका कार्यहरु गर्दै जाने निर्णय गरोयो।

७७. सरसफाई शुल्कलाई वैज्ञानिक रुपमा संकलन कार्य गर्न घर धुरी-साथै अन्य संरचनाको स्थलगत सुपरिवेक्षण र अनुगमन टोलीबाट लगत संकलन गर्न एक कार्यदल गठन गरी कार्यान्वयनमा जाने निर्णय गरीयो ।

७८. धुलिखेल नगरपालिका अन्तर्गत धुलिखेल हुँदै भट्टिडाँडा, काभ्रेपलाञ्चोक, कुस्मडाँडा धुलिखेल अस्पताल, का.वि.वि., चौकोटसम्म यातायात व्यवसायीहरु सँग छलफल प्रकृया अगाडि बढाई कार्यान्वयनमा जाने निर्णय गरियो ।

७९. कर्मचारी कल्याण कोष विनियमावली २०६२ प्रथम संशोधित २०७३ स्वीकृत गर्ने निर्णय गरियो ।

८०. धुलिखेल नगर क्षेत्रभित्रका पुरातात्विक महत्वका मठ, मन्दिर, गुम्बाहरु, नित्य चण्डेश्वर महादेव मन्दिर, कोटकी कालीदेवी मन्दिर लगायत धार्मिक मठ मन्दिर तथा गुम्बाहरुको पुन निर्माण गर्ने ।

८१. स्थानीय हस्तकला, शिल्पकला तथा काष्ठकला आदिको संरक्षणको लागि तालिम तथा सीपको संवर्द्धन गर्ने ।

८२. धुलिखेल नगरपालिकाको वडा नं. २, ३, ४, ५, ८ र ९ को पूरानो घरहरुको पुरातात्विक सम्पदा अनुसार घर नक्शा निर्माण सम्बन्धी अध्यन गर्न धुलिखेल साँस्कृतिक समूह समितिलाई जिम्मा दिने ।

८३. स्थानीय जात्रा तथा पर्वहरुको जगेर्ना गर्न सहयोग गर्ने ।

८४. नगरको पर्यटन बिकासका लागि एक गुरुयोजना तयार गर्न अन्य सरोकारवाला निकायसँग आवश्यक पहल गरी धुलिखेल नगरपालिकाको पर्यटन गुरु योजना अद्यावधिक गरिने छ ।

८५. भुकम्पबाट क्षति भएका धार्मिक तथा पुरातात्विक महत्वका वस्तुहरुको संरक्षण गर्ने कार्यलाई अगाडि बढाईनेछ।

८६. नगरमा पर्यटक आकर्षण गर्ने विविध कार्यक्रम तथा पर्यटकको सुबिधाका लागि नगरका प्रमुख पर्यटकीय गन्तब्यस्थलहरुमा आबश्यकता अनुरुप शौचालय ब्यवस्था तथा सरसफाई कार्यहरुलाई ब्यबस्थित गरिनेछ।

८७. परम्परागत कलात्मक भवनहरुको संरक्षण तथा पर्यटन बिकासका लागि प्रर्दशनी जस्ता बिशेष कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ।

८८. हजार सिँडी, देवी स्थान जाने बाटोमा गौखुरेश्वर सामुदायिक वन उपभोक्ता समितिसँग गरिएको (PPP) सम्झौताको विषयमा पुनरावलोकन गर्ने र सो सम्बन्धी सबै अध्यन गरी समितिले दिएको सिफारीशको आधारमा पुनश्च परिवर्तित गरी अगाडि बढ्ने।

८९. नगरपालिकाबाट विविध क्षेत्रमा लिईआएको कर तथा सरसफाई शुल्क समेतलाई पहिचान र उपयोगिताको आधारमा लिई तथ्याङ्कगत आधारमा कर तथा फोहोरमैलालाई निर्धारण गरी समान न्याय सिद्दान्तका आधारमा कर निर्धारण गर्ने प्रकृया अगाडि बढाउने।

९०. वडा नं. १३ मा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने।

९१. लक्षित वर्गका योजना तथा कार्यक्रम सञ्चालन गर्दा संगठीत संस्थाहरुबाट प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गर्न तथा दोहोरिएका कार्यक्रमहरु संयुक्त रुपमा सञ्चालन गर्ने। उक्त कार्यक्रमहरु सञ्चालन गर्दा सामाजिक विकास समितिसँगको परामर्शमा सञ्चालन गर्ने।

९२. नगरपालिकाले जल सुरक्षा तथा व्यवस्थापन नीतितर्जुमा गरि कार्यान्वयनमा लैजाने छ।